# आर्थिक वर्ष २०७८/७९ को

# वार्षिक बजेट वक्तव्य

**विनयी त्रिवेणी गाउँपालिका**

नवलपरासी(ब.सु.पु)

गण्डकी प्रदेश, नेपाल

असार १० गते

यस विनयी त्रिवेणी गाउँपालिकाको गरिमामय नवौ गाउँ सभाका सभाध्यक्ष महोदय,साथै वडाका वडाध्यक्षज्यूहरु, गाउँकार्यपालिका सदस्यज्यूहरु, सभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँपालिका अन्तर्गतका विभिन्न सेवामा कार्यरत सम्पूर्ण कर्मचारी ज्यूहरु,सुरक्षाकर्मी ज्यूहरु र पत्रकार ज्यूहरु एवं उपस्थित सम्पुर्ण महानुभावहरुमा सर्वप्रथम म हार्दिक स्वागत गर्दछु ।

सभाध्यक्ष ज्यू।

१.विश्वव्यापि माहामारीको रुपमा फैलिएको कोभिड-१९ को दोश्रो लहरका कारण सिर्जित विषम परिस्थितिका विचमा नागरिकले पाउने स्वास्थ्य सम्वन्धि अधिकारलाई मध्येनजर गर्दै विकास निर्माणलाई अगाडी वडाउने तथा गाउँपलिकालाई भौतिक रुपमा गतिशिल तुल्याउने दृढ विश्वासका साथ विनयी त्रिवेणी गाउँपलिकाको तर्फवाट म यस गरिमामय सभा समक्ष आ.व.२०७८/०७९ को वार्षिक आय व्ययको अनुमान प्रस्तुत गर्न उपस्थित भएको छु।

२. वार्षिक आय व्यय अनुमान प्रस्तुत गर्नु भन्दा अगाडी म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापनाका लागि ऐतिहासिक जनआन्दोलन ,जनयुद्ध, मधेश आन्दोलन लगायतका सवै आन्दोलनमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात अज्ञात अमर शहिदहरु लाई भाव पुर्ण श्रद्धाञ्जलि अर्पण गर्न चाहान्छु।

३.विश्वव्यापि रुपमा देखा परेको कोभिड-१९ ले यस गाउँपालिकाका नागरिकको दैनिक जनजिवनमा प्रतिकुल असर परेको छ।माहामारिको चपेटामा परेर ज्यान गुमाएका सवै नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै कोरोनावाट संक्रमित सवै जनालाई शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यसका साथै कोरोना महामारिमा अग्र पंकिमा रहि

सेवारत सम्पुर्ण स्वास्थ्यकर्मि, सुरक्षाकर्मि तथा यस अभियानमा खटिएका मेरा जनप्रतिनिधि मित्रहरु,राष्टसेवक कर्मचारिहरु,स्वयंसेवक र नागरिकहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु।

४.चालु आर्थिक वर्षमा कोरोना प्रकोपले सामाजिक जिवनमा विभिन्न क्षेत्रहरु संगै यस गाउँपालिकको अर्थतन्त्र पनि प्रभावित हुन पुगेको छ।वन्दा वन्दि नागरिक हरुको आर्थिक गतिविधिमा कमि,कोरोना त्रास र अन्यौलताका विच गुज्रन वाध्य भएका छौ।

५.आगामि आर्थिक वर्षको आय व्ययको अनुमान गर्दा यस गाउँपालिका भित्र रहेका नदिजन्य पदार्थहरुको विक्रिवाट प्राप्त हुने राजश्व लगायतका अन्य प्रशासनिक दस्तुर र संघीय र प्रदेश सरकारवाट प्राप्त हुने अनुदानलाई मुख्य श्रोतका रुपमा लिएको छु।

सभाध्यक्ष ज्यू।

६.चालु आर्थिक वर्षको जेयष्ठ मसान्त सम्मको अवधीमा कुल विनियोजित वजेट ७२ करोड ९९ लाख ५६ हजार सात सय १० मध्येमा चालु तर्फ विनियोजित ३६ करोड ५६ लाख ५६ हजार चार सय १४ विनियोजन भएकोमा २७ करोड १९ लाख ९३ हजार ९०० रुपयाँ २० पैसा ( ७४.४० प्रतिशत ) खर्च भएको छ।पुजिगत तर्फ ३६ करोड ४३ लाख २ सय ९६ रुपयाँ विनियोजन भएकोमा १३ करोड ८७ लाख ६ हजार ४ सय ९ रुपयाँ ७६ पैसा( ३८०.७ प्रतिशत ) खर्च भएको छ।चालु आ.व. मा कुल संशोधित आय अनुमान ७२ करोड ९९ लाख ५६ हजार सात सय १० भएकोमा २०७८ जेयष्ठ मसान्त सम्ममा  वास्तविक आय तर्फ ५९ करोड ६८ लाख ९४ हजार ३ सय सत्तरि रुपैया ८३ पैसा जम्मा हुन आएको छ।

सभाध्यक्ष ज्यू।

म आगामि आ.व. को वजेटको क्षेत्रगत रुपमा समेटीएका महत्वपुर्ण पक्षलाई प्रस्तुत गर्न चाहान्छु।

## पुर्वधार तर्फ

-दुम्किवास र ज्यामिरे खानेपानीको ट्यांकि निर्माणको कार्य सम्पन्न हुने क्रममा रहेको र आगामि आ.व. मा पाईप विस्तार गरि घरघरमा खानेपानी पुर्याउनका लागि रु ४०/४० लाख रुपयाँ विनियोजन गरेको छु।

-भौगोलिक हिसावले ३ तहको गाउँपालिकाको रुपमा रहेको यहाँको पर्यटकिय सम्भावनालाई मध्यनजर गर्दै यस गाउँपालिकाको वडा न.३मा रहेको राकाचुलिमा भ्यू टावर निर्माणका लागि रु २५ लाख रुपैयाँ विनियोजन गरेको छु।

-यस गाउँपालिका भित्र निर्माण भएका पुर्वाधारहरुको ल्याव टेष्ट वाहिर लगेर गर्नु पर्ने वाध्यात्मक अवस्थालाई मध्येनजगर गर्दै यस गाउँपालिका भित्रनै प्राविधिक ल्याव टेष्ट निर्माण तथा यसका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्नका लागि रु १० लाख रुपैयाँ विनियोजन गरेको छु।

-साविक वडा न. २ को कुमालटार वाटो स्तरउन्नति गर्नका लागि रु २२ लाख विनियोजन गरेको छु।

-वडा न.२ स्थित वेलौतिचिरा वाटो स्तर उन्नति गर्नका लागि रु १५ लाख विनियोजन गरेको छु।

-वडा न.२ को खड्क गुरुङ्गको घर देखि सोमै डाडाँ सम्म वाटो स्तर उन्नति गर्नका लागि रु १२ लाख विनियोजन गरेको छु।

-वडा न.३ मा शिशु कल्याण विद्यालय मुनिको वाटोँमा नालि सहित पि.सि.सि. ढलान गर्नका लागि रु १२ लाख विनियोजन गरेको छु।

-वडा न.३ कै पाहासिंगे चोक देखि मौलाटाडी सम्म वाटोमा नालि तथा वाल निर्माणका लागि रु २० लाख विनियोजन गरेको छु।

-वडाँ न.३ को सोह्रघरे स्थित वाटो कालो पत्रेका लागि रु २३ लाख विनियोजित गरेको छु।

-वडाँ न.३ को जखाडी रातामाटा टाडी हुदै फोक्सिङ्ग जाने वाटोलाई निरन्तरता दिदै वजेटमा रु १५ लाख विनियोजन गरेको छु।

-वडा न. ४ स्थित सिद्रे वाटो स्तर उन्नतिका लागि रु ३० लाख विनियोजन गरेको छु।

-वडा न.४ कै वगैचा आदर्श टोल हुदै वडघर जाने चोक जाने वाटो स्तर उन्नतिका लागि रु ३० लाख विनियोजन गरेको छु।

-वडा न. ४ को वाईसिएल चोकदेखिको वाटो स्तर उन्नतिका लागि रु १६ लाख विनियोजन गरेको छु।

-वडा न. ४ मा नव विहानि चोक देखि विनयी जाने वाटो स्तर उन्नतिका लागि रु १५ लाख विनियोजन गरेको छु।

-सोराहा खोला देखि विनयी पुल जाने वाटो स्तर उन्नतिका लागि रु २५ लाख विनियोजन गरेको छु।

-वडाँ न. ६ साहुमारा विर सुव्वाको घर देखि पुल सम्म कालो पत्रे गर्नका लागि रु १८ लाख विनियोजन गरेको छु।

-पर्सैया अधुरो कालो पत्रे लाई निरन्तरता दिदै यस वजेटमा पनि रु १० लाख विनियोजन गरेको छु।

-वडाँ न.७ का विभिन्न स्थानमा कृषि वोरिङ्ग जडानका लागि रु १४ लाख ४० हजार विनियोजन गरेको छु।

-वडा न.७ कै विभिन्न स्थानमा सोलार वत्ति जडान कार्य गर्नका लागि रु १५ लाख ६० हजार विनियोजन गरेको छु।

-गाउँपालिकाको समपुरक योजनाहरुको लागि निम्नानुसारको वजेट विनियोजन गरेको छु।

*मौला देखि खन्गाह चोक सम्म वाटो स्तर उन्नतिका लागि रु १८ लाख विनियोजन गरेको छु।(३० प्रतिशत लागत साझेदारिमा )

*पाक्षेखोला देखि ढकाल गैरा सम्म नालि निर्माण गर्नका लागि रु १६ लाख विनियोजन गरेको छु।(३० प्रतिशत लागत साझेदारिमा )

*वडा न.३ को भर्तहा देखि सुनई हुदै दाउन्ने पोल्ट्रि फर्मसम्म जाने वाटो स्तर उन्नतिका लागि रु ३५ लाख विनियोजन गरेको छ।(३० प्रतिशत लागत साझेदारिमा )

*गजेन्द्र मोक्ष दिव्य धाम धर्मशाला निर्माणका लागि वजेट लाई निरन्तरता दिदै थप रु ३५ लाख विनियोजन गरेको छू।(३० प्रतिशत लागत साझेदारिमा )

## शिक्षा तर्फ

-अत्यन्त न्युन पारिश्रमिकमा कार्यरत प्रारम्भिक वाल विकास सहजकर्ता विद्यालयका लेखापाल तथा कार्यलय सहयोगीको मासिक सात हजारका दरले तलव थप गरेको छु।

-गाउँपालिकाले सामुदायिक विद्यालयमा न्युन रहेको दरवन्दिलाई कम गर्न वितरण गरेको गाउँपालिका अनुदान शिक्षक नरन्तरता दिँदै लागि मासिक २ हजारका दरले तलव थप गरेको छु।

-गाउँपालिकाले सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारवाट मान्यता प्राप्त आमा सुरक्षा कार्यक्रम लागु भएका स्वास्थ्य संस्थावाट प्रसुति सेवा लिएमा  रु ५ हजार सुरक्षित सुत्केरि पोषण खर्च प्रदान गर्ने व्यवस्था मिलाएको छु।

- उत्कृष्ट तथा जेहन्दार,दलित तथा विपन्न विद्यार्थिलाई शैक्षिक प्रोत्साहन गर्न रु ३ लाख विनियोजन गरेको छु।

- गाउँपालिका भित्र रहेका सामुदायि विद्यालयको गुणस्तरता वृद्धि गरेको मनासयका साथ आधारभुत तह तथा माध्यमिक तहको उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षकलाई प्रोत्साहन गर्न रु १ लाख विनियोजन गरेको छु।

-मणिसंगम मा.वि.,विनयी त्रिवेणी-२ डाडाजोरमा संचालन हुने जिल्ला स्तरिय राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनका लागि संघीय सरकारको शसर्तवाट प्राप्त हुने रु १ लाखको अलवा थप रु ७ लाख विनियोजन गरेको छु।

-शिक्षामा सुचना प्रविधिको प्रयोग मार्फत विद्यार्थिको सिकाई लाई गुणस्तरयुक्त वनाउने उदेश्यका साथ यस गाउँपालिकाले नेपाल दुर संचार प्राधिकरणसंग सम्झौता गरि सवै आधारभुत सामुदायिक विद्यालयमा २ वर्षको लागि निशुल्क ईन्टरनेट सेवा उपलब्ध

गराउने व्यवस्था मिलाएको छ्रु साथै सो कार्यका लागि आवश्यक कम्प्युटर प्रिन्टर लगायतका उपकरण नभएका विद्यालयहरुका लागि रु १५ लाख विनियोजन गरेको छ्रु।

## स्वास्थ्य तर्फ

-कोभिड-१९ को दोश्रो लहर संक्रमण रोकथाम नियन्त्रण तथा व्यवस्थापनका लागि संचालनमा ल्याईएको प्रस्तावित विनयी त्रिवेणी अस्पतालमा पाच शैयाको आईसोलेसन कक्षवाट २४ सै घण्टा सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाएको छ्रु।

-यस गाउँपालिका अन्तर्गत धुरकोट स्वास्थ्य चौकिमा वर्थिङ्ग सेन्टर संचालनका लागि रु ५ लाख विनियोजन गरेको छ्रु तथा आधारभुत स्वास्थ्य केन्द्र त्रिवेणीमा आधारभुत प्रयोगशाला सेवा संचालनका लागि रु ५ लाख विनियोजन गरेको छ्रु।

-यस गाउँपालिका अन्तरगत कार्यरत महिला स्वास्थ्य स्वंयम सेविका हरुलाई यस अघि गाउँपालिकाको तर्फवाट महिला स्वास्थ्य स्वंयम सेविका प्रोत्साहन भत्ता स्वरुप मासिक रुपमा रु २ हजार ५ सयवाट वृद्धि गरि रु ३ हजार पुर्याएको छ्रु।

- गाउँपालिकाको आन्तरिक स्रोत र साधनवाट संचालनमा रहेका

५ वटा सामुदायिक स्वास्थ्य ईकाइको सेवा निरन्तरताका लागि आवश्यक वजेट विनियोजन गरेको छ्रु।

-कोरोना संक्रमण उपचार रोकथाम तथा व्यवस्थापन गर्नका लागि रु ५० लाखको कोभिड-१९ नियन्त्रण तथा रोकथाम कोषको व्यवस्था गरेको छ्रु।

-वहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत सुनौला हजार दिनका पोषण सम्वन्धि कार्यक्रमका लागि रु ५ लाख रुपैया विनियोजन गरेको छ्रु।

-आर्युवेद स्वास्थ्य सेवा तर्फ त्रिवेणी स्थित अधुरो योग भवन निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेको छ।

## कृषि तथा पशुपंक्षी मत्स्य विकास शाखा

-कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्ने उदेश्यले ७० प्रतिशत अनुदानमा मिनिटिलर वितरण गर्नका लागि रु ४ लाख रुपयाँ विनियोजन गरेको छ।

-हिउदे र वर्षे तरकारिको विउँ वितरणका लागि रु ६ लाख विनियोजन गरेको छ।

- कृषिको चौतर्फि विकासका लागि कृषकहरुलाई नयाँ प्रविधि र कृषिमा यान्त्रिकरणको माध्यमवाट उत्पादन वृद्धिमा जोड दिईएको छ।

-यसै गरि पशुपक्षीं तथा मत्स्य विकास शाखा तर्फ पशु सेवा स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

-पशुपालक कृषक हरुका लागि आधारभुत औषधि हरु वितरण,पशु स्वास्थ्य तथा वाझोपन शिविर, रोगको नमुन संकलन तथा परिक्षण साथै पशुपंक्षीमा लाग्ने विभिन्न संक्रामक रोग विरुद्ध खोप सेवा कार्यक्रमलाई विगतका आर्थिक वर्षमा जस्तै निरन्तरता दिईएको छ।

-पशुपालक कृषकहरुको उत्पादन वृद्धि गर्नका लागि मौसम अनुसारको पोसिलो घास वितरणको कार्यक्रमहरु लाई निरन्तरता दिईएको छ।

-यसै गरि  विउ राम्रो भाए उत्पादन राम्रो हुन्छ भन्ने मान्यतालाई मध्येजर गर्दै उन्नत वोका वितरण, वंगुरको विर पाठा वितरण र निशुल्क मुर्रा रागो वितरण कार्यक्रमलाई

वजेट विनियोजन गरेको छु साथै नश्ल सुधारका कार्यक्रम अन्तरगत कृतिम गर्भाधान सेवालाई यस वर्ष गाई भैसिका लागि मिसनका रुपमा अगाडी वडाईएको छ।

-व्यवसायिक फर्म हरुका लागि ईनार मोटर ५० प्रतिशत अनुदानमा वितरण गर्नका लागि वजेट विनियोजन गरेको छु।

त्यस्तै अन्य शाखाका कार्यक्रम हरुमा महिला वालवालिका,जेयष्ठ नागारिक र अपाङ्गता शाखाका लागि रु २१ लाख विनियोजन गरेको छु।जस मध्येमा पहिलो चोटि लैगिक हिसांको लगायतका अन्य घरेलु हिंसाको शिकार भएका महिलाहरुलाई सहयोग पुर्याउने उदेश्यले रु १ लाखको लैगिंक हिंसा निवारण कोष स्थापना गरेको छु।

*रोजगार शाखा अन्तर्गतका कार्यक्रमहरु संचालन गर्नका लागि रु १० लाख विनियोजन गरेको छु।

*मेड्पा कार्यक्रमका लागि रु ८ लाख रुपयाँ विनियोजन गरेको छु।

* सूचना प्रविधि शाखाको लागि रु पन्ध्र लाख विनियोजन गरेको छु भने

* युवा विकास तथा पालिका स्तरिय खेलकुद कार्यक्रम संचालनका लागि रु २५ लाख रुपयाँ विनियोजन गरेको छु।

सभाध्यक्ष ज्यू अव म आ.व.२०७८/७९ को आय व्ययको अनुमान पेश गर्दछु।

आ.व.२०७८/०७९ का लागि ७८ करोड १८ लाख ३९ हजार २ सय आय अनुमान गरिएकोमा

-संघीय सशर्त अनुदानतर्फः २२ करोड ८६ लाख

-प्रदेश सशर्त अनुदान तर्फः ५० लाख

-संघीय समानिकरण अनुदान तर्फः १२ करोड ५७ लाख

-प्रदेश समानिकरण अनुदान तर्फः १ करोड ४७ लाखा ९० हजार

-राजश्व वाडफाडतर्फः १० करोड २० लाख १८ हजार

-आन्तरिक श्रोत तर्फः २२ करोड ४६ लाख ८२ हजार ६ सय २८

अव म व्यय तर्फको अनुमान पेश गर्दछु।

चालु तर्फ ४० करोड ४३ लाख ८९ हजार ५ सय रुपैया र पुजिगत तर्फ ३७ करोड ७४ लाख ४९ हजार ७ सय रुपैया खर्च हुने अनुमान गरेको छु।

धन्यवाद !!!